# स्थानीय राजपत्र

## लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

खण्डः६) लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत, श्रावण ०८ गते, २०७९ साल संख्याः ३

## भाग - १

### लेकवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कल्याण, सुर्खेत

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको एघारौं नगर सभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# लेकवेशी नगरपालिकाको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धी ऐन, २०७९

*स्वीकृत मिति : २०७९।०३।२८*
*प्रमाणीकरण भएको मिति : २०७९।०४।०८*
*स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७९।०४।०८*

**प्रस्तावनाः**

शिक्षा सम्बन्धी स्थानीय तहको एकल अधिकार सूची तथा सोको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को उपखण्ड (१६) मा व्यवस्था भएको निःशुल्क रुपमा प्रत्येक वर्ष नगरपालिकाले एकजना एम.बि.बि.एस. डाक्टर उत्पादन गरी नगरबासीलाई दिगो स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले नगरपालिकाको जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्न र लेकवेशी नगरपालिकाको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गरी संस्थागत विकास गर्न वाञ्छनीय देखिएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी लेकवेशी नगरपालिकाको ११औं नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धी ऐन, २०७९" रहेको छ।

(२) यो ऐन लेकवेशी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरप्रमुख" भन्नाले लेकवेशी नगरपालिका, सुर्खेतको प्रमुखलाई सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगलाई सम्झनु पर्छ।

(ग) "उप-प्रमुख" भन्नाले लेकवेशी नगरपालिका, सुर्खेतको उप प्रमुखलाई सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लेकवेशी नगरपालिका, सुर्खेतका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ङ) "शिक्षा अधिकृत" भन्नाले लेकवेशी नगरपालिका, सुर्खेतका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुखलाई सम्झनु पर्छ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा, युवा तथा खेलकुद शाखा हेर्ने कर्मचारी समेतलाई सम्झनु पर्छ।

(च) "नगरपालिका" भन्नाले लेकवेशी नगरपालिका, सुर्खेतलाई सम्झनु पर्छ।

(छ) "कार्यपालिका" भन्नाले लेकवेशी नगरपालिका, सुर्खेतका नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ज) "सभा" भन्नाले लेकवेशी नगरपालिका, सुर्खेतको नगरसभालाई सम्झनु पर्छ।

(झ) "वडा" भन्नाले लेकवेशी नगरपालिका, सुर्खेत अन्तर्गतका वडाहरुलाई सम्झनु पर्छ।

(ञ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले यस ऐनको दफा १७ मा व्यवस्था भएको एम.वि.वि.एस.अध्ययन छात्रवृत्ति व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धि ब्यवस्था

**३. एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेः**

(१) आयोगबाट सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एम.बि.बि.एस.) उत्तीर्ण नतिजाको एकीकृत योग्यताक्रमको सूचीमा समावेश नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने एकजना जेहेन्दार विद्यार्थीलाई प्रत्येक वर्ष आवास सहितको एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

(२) नगरपालिका क्षेत्र भित्रका दुई वा सो भन्दा बढी विद्यार्थीहरुले उपदफा (१) बमोजिम सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एम.बि.बि.एस.) उत्तीर्ण गरेमा उत्तीर्ण नतिजाको एकीकृत योग्यताक्रमको सूचीमा माथिल्लो स्थानमा रहेको एकजना विद्यार्थीलाई आवास सहितको एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

(३) उपदफा (१) तथा उपदफा (२) बमोजिमको अवस्था नगरपालिका क्षेत्रभित्र नरहेमा छात्रवृत्तिको कोटा अर्को बर्षको लागि सर्न गई सोहि वर्ष पहिलो र दोश्रो दुई जना विद्यार्थीलाई उक्त छात्रवृत्ति उपलब्ध गराइनेछ।

## ४. एकीकृत प्रवेश परीक्षा (एम.बि.बि.एस.) उत्तीर्ण विद्यार्थीले एम.बि.बि.एस. छात्रवृत्ति पाउन आवेदन गर्नुपर्नेः

दफा ५ मा व्यवस्था भए बमोजिमको छात्रवृत्तिमा आवेदन गर्न योग्य विद्यार्थीले एकीकृत प्रवेश परीक्षा (एम.बि.बि.एस.) को नतिजा सार्वजनिक भएको मितिले सात दिनभित्र आयोगबाट प्रकाशित एकीकृत योग्यताक्रमको सूची र देहायका कागजात सहित समितिमा आवेदन गर्नु पर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(ख) एस.इ.इ. र सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

(ग) स्थायी बसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपी,

(घ) समितिले तोकेका अन्य आवश्यक विषयहरु

## ५. छात्रवृत्ति उपलब्ध गराइने विद्यार्थीको नाम प्रस्ताव गरी आशयको सूचना प्रकाशित गर्नुपर्नेः

(१) समितिले दफा १३ बमोजिम परेका आवेदन उपर जाँचबुझ गरी छात्रवृत्तिका लागि योग्य देखिएका एकजना विद्यार्थीको नाम प्रस्ताव गरी छात्रवृत्ति उपलब्ध गराउन लागिएको आशय सहितको सात दिने सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाको समयावधिमा समिति समक्ष कहिकतैबाट दावी विरोध पर्न आएमा समितिले त्यस्तो दावी विरोध उपर समेत गहन छलफल गरी यस ऐनको दफा १२ बमोजिमको छात्रवृत्तिका लागि योग्य देखिएका एकजना विद्यार्थीको नाम अन्तिम सिफारिस गरी छनोटको निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आएको एकजना विद्यार्थीलाई कार्यपालिकाको निर्णयले एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

## ६. कबुलियतनामा गर्नुपर्नेः

यस ऐन बमोजिम एम.बि.बि.एस. अध्ययन छात्रवृत्तिमा छनोट भएको विद्यार्थीले अध्ययन सम्पन्न भए पश्चात् कम्तीमा पाँच वर्षसम्म नगरपालिकामै रही सेवा गर्ने गरी अध्ययनमा जानु अघि नै अनुसूची-१ बमोजिमको ढाँचामा नगरपालिका समक्ष कबुलियतनामा गर्नु पर्नेछ।

## ७. छात्रवृत्ति वापतको रकम बैंक खाता मार्फत भुक्तानी गरिनेः

(१) यस ऐन बमोजिम एम.बि.बि.एस. अध्ययन छात्रवृत्तिमा छनोट हुने विद्यार्थीका लागि सम्बन्धित शिक्षण संस्थामा लाग्ने भनी आयोगबाट निर्धारण गरिएको भर्ना

शुल्क, रजिष्ट्रेशन शुल्क, मासिक शुल्क लगायतका शुल्क तथा दस्तुरहरु सम्बन्धित शिक्षण संस्थाको खातामा जम्मा हुनेगरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

**द्रष्टव्यः-**

यस परिच्छेदमा उल्लेखित "नगरपालिका क्षेत्र भित्रको स्थायी बसोबास" भन्नाले आयोगबाट प्रत्येक वर्ष सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एम.बि.बि.एस.) को दिनभन्दा कम्तीमा तीन वर्ष अघिदेखी निरन्तर लेकवेशी नगरपालिका, सुर्खेत भित्र स्थायी रुपमा बसोबास भएको सम्झनु पर्छ।

## परिच्छेद-३

## एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति व्यवस्थापन समिति

**८. एम.बि.बि.एस.अध्ययन छात्रवृत्ति व्यवस्थापन समितिको गठनः**

(१) यस ऐन बमोजिम उपलब्ध गराइने एम.बि.बि.एस.अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यप्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक समन्वय एवं व्यवस्थापन समेत गर्न नगरपालिकामा देहाय बमोजिम एक एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति व्यवस्थापन समिति रहनेछः

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप-प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) कार्यपालिका मातहतको सामाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) नगरपालिका क्षेत्रभित्रका विद्यालय (मा.वि. स्तर) का प्रधानाध्यापकहरु मध्येबाट नगर प्रमुखले मनोनयन गरेको एकजना - सदस्य

(च) नगरपालिका क्षेत्र भित्रका शिक्षाविद्हरु मध्येबाट कम्तीमा एकजना महिला सहित कार्यपालिकाबाट मनोनित ३ (तीन) जना - सदस्य

(छ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) र खण्ड (च) बमोजिम मनोनित सदस्यको पदावधि ४ (चार) वर्षको हुनेछ।

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**९. छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

यस ऐनको अन्यत्र दफामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिका क्षेत्रभित्रको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति सम्बन्धी व्यवस्थालाई दीर्घकालिन र प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(ख) नगरपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकास गर्न भविष्यमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्तिको आंकलन गरी स्थानीय स्तरमै त्यस्ता जनशक्ति उत्पादनका लागि नीति तयार गरी कार्यपालिकामा पेश गर्ने।

(ग) यस ऐन बमोजिम उपलब्ध गराइएको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिक रुपमा कार्यपालिकामा पेश गर्ने,

(घ) एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरु बीच आवश्यक समन्वय गर्ने,

(ङ) यस ऐनको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने।

(च) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति सम्बन्धी कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने।

## परिच्छेद-४

## एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति कोष सम्बन्धि व्यवस्था

**१०. छात्रवृत्ति कोषः**

(१) यस ऐनले व्यवस्था गरे बमोजिमको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति उपलब्ध गराउन एवं ऐनले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न नगरपालिकामा एउटा छुट्टै एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः

(क) एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि सभा तथा कार्यपालिकाको निर्णय बमोजिम विनियोजित रकम,

(ख) खण्ड (क) बमोजिमको कार्यका लागि दातृ निकाय, विकास साझेदार गैरसरकारी संघ संस्थाहरू तथा व्यक्तिबाट स्वेच्छिक रुपमा उपलब्ध गराइने रकम,

(ग) संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(३) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम समितिको सिफारिसमा यस ऐनले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ ।

**११. कोषलाई दिगोपना गरिनेः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भएको नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले विषय क्षेत्रगत बजेट सिलिङ निर्धारण गर्दाका वखत यस ऐन बमोजिम उपलब्ध गराइने एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थापित छात्रवृत्ति कोषमा एक आर्थिक वर्षभरीमा हुनसक्ने अनुमानित व्ययको विवरण समितिबाट लिई सोही बमोजिम कोषका लागि बजेट सिलिङ कायम गरी कोषलाई दिगोपना कायम गर्नु पर्नेछ।

**१२. कोषको खाता सञ्चालनः**

कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन तर्फको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

**१३. कोषको लेखापरीक्षणः**

कोषको आय र व्ययको आन्तरिक एवम् अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद - ५
## विविध

**१४. दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध नगराइनेः**

यस ऐन बमोजिम उपलब्ध गराइने छात्रवृत्तिको विधामा नेपाल सरकार तथा प्रदेश सरकारको कुनै निकायबाट छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीलाई दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध गराइने छैन ।

**१५. वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः**

समितिले यस ऐनले परिलक्षित गरेको सम्पूर्ण काम कारवाहीका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ र सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

**१६. अधिकार प्रत्यायोजन गर्न सक्नेः**

(१) आर्थिक व्ययभार सिर्जना हुने देखि बाहेक कार्यपालिकाले आफूलाई यस ऐन बमोजिम प्राप्त काम, कर्तव्य र अधिकार मध्ये केही काम, कर्तव्य र अधिकार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकार मध्ये केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. बाधा अड्काउ फुकाउन सक्नेः**

यस ऐनमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आइ परेमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा/अड्चन फुकाउन सक्नेछ।

**१८. प्रचलित कानून बमोजिम हुनेः**

यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

**१९. नियम, निर्देशिका, मापदण्ड र कार्यविधि बनाउन सक्नेः**

यस ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ।

## अनुसूची १
## (दफा ६ सँग सम्बन्धित)

### लेकवेशी नगरपालिकाको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धी ऐन, २०७९ को दफा ६ मा व्यवस्था भएको एम.बि.बि.एस. अधड्यन छात्रवृत्तिका लागि छनोट भएका लेकवेशी नगरपालिका वडा नं. ......... स्थायी निवासी श्री ........................ले लेकवेशी नगरपालिकासँग गरेको कबुलियतनामा

सुर्खेत जिल्ला लेकवेशी नगरपालिका, वडा नं. ........ स्थायी निवासी श्री ........................ नाती/नातिनी, श्री ............................को छोरा/छोरी वर्ष ..... को म श्री ............... ले लेकवेशी नगरपालिकाको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धी ऐन, २०७९ बमोजिम व्यवस्था भएको एम.बि.बि.एस. अध्ययन छात्रवृत्तिका लागि छनोट भई श्री ........... (शिक्षण संस्थाको नाम र ठेगाना) मा मिति २०....../......../....... देखी सञ्चालन हुने एम.वि.वि.एस. अध्ययन कार्यक्रममा जान लागेकोले मैले लेकवेशी नगरपालिकाको एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति सम्बन्धी ऐन, २०७९ को दफा ६ अनुसार लेकवेशी नगरपालिका सुर्खेतसँग देहाय बमोजिम यो कबुलियतनामा गरेको छु ।

(क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मिति भित्र श्री ............. (शिक्षण संस्थाको नाम र ठेगाना) मा हाजिर हुन जानेछु। अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पूर्णरुपमा पालना गर्नेछु।

(ख) उल्लेखित छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि लेकवेशी नगरपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७९ को पूर्णरुपमा पालना गर्नेछु।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात् कम्तीमा ५ वर्ष लेकवेशी नगरपालिकामा रही अनिवार्य सेवा गर्नेछु।

(घ) काबु भन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजी कारणले अध्ययन पूरा नगरी बीचैमा छोड्ने छैन। मैले यस अघि कुनै पनि सरकारी स्तरको निकायबाट यही विषयमा छात्रवृत्ति/ दोहोरो सुविधा समेत लिएको छैन। अध्ययन पूरा गरे पश्चात् नगरपालिकाले खटाएको स्थानमा काम गर्नेछु । अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छैन ।

(ङ) माथि उल्लिखित व्यवस्था एवम् ऐनमा भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा लेकवेशी नगरपालिकाले छात्रवृत्तिको रुपमा म माथि गरेको सम्पूर्ण लगानी रकम तथा सो मा लेकवेशी नगरपालिकाले निर्धारण गरे बमोजिमको व्याज

रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नका लागि मञ्जुर छु ।

**<u>कबुलियतनामा गराउने अधिकारीको</u>**
दस्तखतः
नाम, थरः
पदः
मितिः

**<u>कबुलियतनामा गर्ने विद्यार्थीको</u>**
दस्तखतः
नाम, थरः
ठेगानाः
ना.प्र.प.नं.
सम्पर्क फोन नं.

ल्याप्चे

| दायाँ | बायाँ |
|---|---|
| | |

**रोहबरमा बस्नेः**
सम्बन्धित वडाका जनप्रतिनिधि नाम, थरः
हस्ताक्षरः
विद्यार्थीको अभिभावकको नाम, थर र ठेगानाः
हस्ताक्षरः
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको नाम, थरः
हस्ताक्षरः

मितिः २०......./......./........

आज्ञाले
कृष्णप्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०७९/०४/०८